**<u>प्रस्तावहरुः</u>**

२०८१/०८२-१५।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१/०८२-१५।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१/०८२-१५।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१/०८२-१५।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१/०८२-१५।०५ राजश्व परामर्श समिति लगायत विषगत समितिहरुको प्रतिवेदन सम्बन्धमा ।

२०८१/०८२-१५।०६ नौलो घुम्ती नेपालसँगको परामर्श सेवा सम्बन्धमा ।

२०८१/०८२-१५।०७ आ.व २०८०।०८१ को लेखापरीक्षण तथा बेरूजु संपरीक्षण प्रतिवेदन सम्बन्धमा।

२०८१/०८२-१५।०८ आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२०८१/०८२-१५।०९ आर्थिक विधेयक, २०८२ सम्बन्धमा ।

२०८१/०८२-१५।१० आर्थिक वर्ष २०८२।०८३ को राजस्व र व्ययको अनुमान सहित वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।

२०८१/०८२-१५।११ घर कायम म्याद थप सम्बन्धमा ।

२०८१/०८२-१५।१२ विपद् व्यवस्थापन सम्बन्धमा ।

२०८१/०८२-१५।१३ सङ्घीय, संवैधानिक तथा प्रादेशिक कार्यालयहरुबाट प्राप्त निर्देशन तथा परिपत्र सम्बन्धमा ।

२०८१/०८२-१५।१४ विविध सम्बन्धमा ।

विद्युत मिटर जडान सम्बन्धमा ।

प्रभावित क्षेत्र प्रमाणित सम्बन्धमा ।

गाउँशिक्षा योजना स्वीकृत सम्बन्धमा ।

खर्च अनुमोदन

छात्रवृत्ति वितरण सम्बन्धमा ।

शिवचण्डी मोटरबाटोको (vo) सम्बन्धमा ।

**<u>निर्णयहरुः</u>**

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१५।०१</u>**

प्रस्ताव नं २०८१/०८२-१५।०१ उपर छलफल गर्दा १६५औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-१५।०२</u>**

प्रस्ताव नं २०८१/०८२-१५।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई

सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।०३**

प्रस्ताव नं २०८१/०८२-१५।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।०४**

प्रस्ताव नं २०८१/०८२-१५।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

तपसिलः

जिल्ला समन्वय समिति नदिजन्य पदार्थको बारेमा छलफल

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।०५**

प्रस्ताव नं २०८१/०८२-१५।०५ उपर छलफल गर्दा विभिन्न बिषयगत शाखाहरूबाट पेस भएको तथा राजस्व परामर्श समितिद्वारा पेस भएको आर्थिक बर्ष २०८२/०८३ को रुपा गाउँपालिका कास्कीको आर्थिक बिधेयक, २०८२ दफाबार छलफल गरी संशोधन सहित आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।०६**

प्रस्ताव नं २०८१/०८२-१५।०६ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्की र गैर सरकारी संस्था नौलो घुम्तीबिच पहिलोपटक मिति २०७६/०८/३० गते झोलुङ्गे पुल सम्बन्धी कार्य गर्ने र सम्झौता मितिदेखि ३ वर्षको अवधि रहनेगरी प्रत्यायोजन सम्झौता भएकोमा दोस्रो पटक मिति २०७९/१०/०६ गते थप ३ वर्षको अवधिराखी म्याद थप सहित सम्झौता भएको । उक्त संस्थाले मिति २०८२/०२/०९ गते झोलुङ्गेपुलको कार्यसम्पन्न गरेको भनि निवेदन सहित कागजातहरू पेस गरेकाले चोरगौंडा बास्कोट दोवान खोला झो.पु., विर्दी दोभान खोला झो.पु. मोहरीया रामकोट झो.पु शीर्षकबाट खर्च लेख्रेगरी भुक्तानी दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।०७**

प्रस्ताव नं २०८१/०८२-१५।०७ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयद्वारा पेस भएको आ.व २०८०।०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी प्रतिवेदनले औंल्याएका कमीकमजोरीलाई सुधार गर्दै उक्त प्रतिवेदनमा उल्लेख गरिएका सुझाबहरूलाई कार्यान्वयमा लाने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।०८**

गाउँपालिका अध्यक्षद्वारा पेस भएको रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको बुदाँगत छलफल गरी संशोधन सहित स्वीकृत गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।०९**

रुपा गाउँपालिका कास्की

प्रस्ताव नं २०८१/०८२-१५।०९ उपर छलफल गर्दा राजस्व परामर्श समितिद्वारा पेस भएको आर्थिक बर्ष २०८२/०८३ को रुपा गाउँपालिका कास्कीको आर्थिक बिधेयक, २०८२ दफाबार छलफल गरी संशोधन सहित आगामी गाउँसभामा पेस गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।१०**

प्रस्ताव नं २०८१/०८२-१५।१० उपर छलफल गर्दा रुपा गाउँपालिका कास्कीको बजेट तथा कार्यक्रम तर्जुमा समितिद्वारा पेस भएको आर्थिक बर्ष २०८१/८२ को राजस्व र व्ययको अनुमान सहित वार्षिक बजेट तथा कार्यक्रमका बुँदाहरु छलफलको क्रममा रहेकाले बाँकी बुदाँहरुमा छलफलको लागी आगामी कार्यपालिकाको बैठकमा पेस गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।११**

प्रस्ताव नं २०८१/०८२-१५।११ उपर छलफल गर्दा रूपा गाउँपालिका स्थापना हुनुपुर्व यस गाउँपालिकाभित्र बनेका घर तथा संरचनाहरूको घर कायम गर्ने अवधिको म्याद २०८२ असोज मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।१२**

प्रस्ताव नं २०८१/०८२-१५।१२ उपर छलफल गर्दा मनसुनको सक्रियतासँगै रूपा गाउँपालिकामा घट्न सक्ने मनसुनजन्य घटनाहरूको न्यूनीकरण तथा रोकथामको लागि प्रत्येक वडाहरूमा स्वयंसेवक समूह गठन गरी उनीहरूलाई तालिम लगायतका कार्यक्रम सञ्चालन गर्न सुरक्षा निकायसँग समन्वय गर्ने तथा मादी नदीको तटीय क्षेत्रमा हुन सक्ने विपद्लाई मध्यनजर गरी प्रदेश तथा संघीय सरकारसँग आवश्यक व्यवस्थापनका लागि सिफारिस गर्ने ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।१३**

प्रस्ताव नं २०८१/०८२-१५।१३ उपर छलफल गर्दा सङ्घीय, संवैधानिक तथा प्रादेशिक कार्यालयहरुबाट प्राप्त निर्देशन तथा परिपत्रहरूको बेहोरा बारेमा जानकारी गराउनुका साथै सो सम्बन्धी छलफल गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-१५।१४**

प्रस्ताव नं २०८१/०८२-१५।१४ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रुपा गाउँपालिका वडा नं ६ स्थित फालभञ्याङ (साविक भिरचोक गा.वि.स वडा नं २, कास्की) मा यस गाउँपालिकाको नाममा रहेको कित्ता नं १९९ को जग्गामा रूपा गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधिन अवस्थामा रहेकाले उक्त स्थलमा 3-Phase लाइन विस्तार गरी नयाँ विद्युत मिटर जडानका लागि श्री विद्युत प्राधिकरण लेखनाथ वितरण केन्द्रलाई पत्राचार गर्ने निर्णय गरियो ।

ख) रूपा गाउँपालिका वडा नं ६ मा सञ्चालन रहेको नेपाल सोलार फर्म लिमिटेडद्वारा IPO निष्काशन गर्नका लागि स्थानीय बासिन्दाको लागि छुट्याइएको IPO शेयर बाँडफाँडको प्रयोजनका लागि रुपा गाउँपालिकाका सम्पुर्ण वडाहरूलाई प्रभावित क्षेत्र घोषणा गर्ने निर्णय गरियो ।

ग) रूपा गाउँपालिका वडा नं ३ स्थित घेवापानी चौतारो निर्माण को लागि लागत अनुमान बमोजिम कार्यसम्पन्न भइ बिल भरपाइ लगायतका कागजात सहित भुक्तानीका लागि निवेदन पेस भएकाले उक्त खर्च अनुमोदन गरी थप १ लाख रूपैया चौतारो निर्माण शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

घ) विभिन्न संस्थाहरूले विभिन्न कार्यक्रमरू सञ्चालन गरेवापत तोकिएको कागजातको आधारमा कार्यक्रम सञ्चालन शीर्षकबाट खर्च लेख्नेगरी तपसिलको रकम अनुमोदन सहित भुक्तानी दिने निर्णय गरियो ।

| क्र स | फर्म/व्यक्तिको नाम थर | कार्यक्रम | रकम | कै |
|---|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाईटी भिरचोक उपशाखा | विपद् व्यवस्थापन तालिम | २५००० | |
| २ | लेखनाथ जुनियर जेसिस | राष्ट्रिय जुनियर जेसिस लिडर्स एकेडेमि | २०००० | |
| ३ | ध्रुवतारा क्वल रुपा ६ | रुपा मेला | ७०००० | |
| ४ | देउराली टोल विकास संस्था रुपा ५ | तिजगीत प्रतियोगिता | २५००० | |
| ५ | देउराली टोल विकास संस्था रुपा ५ | UNDER 20 भलिवल प्रतियोगिता | ३५००० | |
| ६ | रुपा वाङमय प्रतिष्ठान | विद्यालयस्तरीय खुल्ला कविता प्रतियोगिता | १०००० | |
| ७ | प्रभात समुह | विद्यार्थी महोत्सव | ४०००० | |
| ८ | राधाकृष्ण साँस्कृतिक समुह पो.३२ | खुल्ला भजन चुट्का प्रतियोगिता | २०००० | |
| ९ | आदर्श युवा क्लब पो.म.पा.२९ | २५ औ आदर्श कप फुटवल प्रतियोगिता | २५००० | |
| १० | साहारा क्लब पोखरा | आहा रारा गोल्डकप फुटवल प्रतियोगिता | २०००० | |
| ११ | गण्डकी प्रदेश फेन्सिङ संघ | राष्ट्रिय फेन्सिङ प्रतियोगिता | १०००० | |
| १२ | नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ | संबैधानिक तथा कानुनी अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०००० | |
| १३ | इन्जिनियरिङ्ग साहित्यिक सञ्जाल | त्रिवेणी साहित्य सङ्गीत स संस्कृतिको सङ्गम कार्यक्रम | २०००० | |
| १४ | प्रेस चौतारी नेपाल कास्की | स्थानिय सरकारसंग सन्चारकर्मी कार्यक्रम | २५००० | |
| १५ | नमस्ते साँस्कृतिक संगित प्रशिक्षण केन्द्र | साँस्कृतिक कार्यक्रम | १०००० | |
| १६ | सेभ आवर हिमालय फस्ट नेपाल | वृक्षारोपण कार्यक्रम | ५०००० | |

| | | | | |
|---|---|---|---|---|
| १७ | सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति | वक्तृत्वकला कार्यक्रम | ३०००० | |
| १८ | मदन भण्डारी स्पोर्टस एकेडेमी | केपी ओली कप राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिता | २५००० | |
| १९ | रुपा युवा क्लब | रुपा सिस्टेनी मेला | ५०००० | |
| २० | टाईगर ग्रुप अफ नेपाल | टाईगर कप पुरुष तथा महिला भलिवल प्रतियोगिता | ५०००० | |
| २१ | किताब चरो नेपाल | हंसपुरको पुष्पकमल बालगीत छायाँङ्कन र प्रशारण | ५०००० | |
| २२ | लाइन्स क्लव इन्टरनेसनल | भलिवल प्रतियोगिता | २०००० | |
| २३ | नेपाल पत्रकार महासंघ | अन्तर्क्रिया छलफल तथा क्षमता विकास कार्यक्रम | ४०००० | |
| २४ | सुर्यतारा क्लब | खेलकुद महोत्सब | ३५००० | |
| २५ | सुर्यचन्द्र विकास समाज | तिज गित प्रतियोगिता | १०००० | |
| २६ | पोखरा सास्कृतिक कलाकार संघ | ब्याकटु नाइन्टिज् | ५०००० | |

ङ) रूपा गाउँपालिका कास्कीका आयस्रोत न्यून भइ औषधी उपचार र काजक्रिया समेत गर्न नसक्ने विपन्न व्यक्तिहरूले पेस गरेका कागजातका आधारमा तपसिलको रकम अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | निवेदकको नाम थर | ठेगाना | राहतको प्रकार | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आश बहादुर गुरुङ्ग | रुपा ५ | औषधी उपचार खर्च | २५००० | |
| २ | गंगा खत्री | रुपा ६ | काजक्रिया खर्च | १५००० | |
| ३ | अन्जु गुरुङ्ग | रुपा ६ | औषधी उपचार खर्च | १५००० | |
| ४ | चिजा मल्ल ठकुरी | रुपा ४ | औषधी उपचार खर्च | २०००० | |
| ५ | सरिता थापा | रुपा १ | औषधी उपचार खर्च | ३०००० | |
| ६ | प्रेम बहादुर भुजेल | रुपा ५ | काजक्रिया खर्च | १२००० | |
| ७ | सन्तोष के.सी. | रुपा ३ | औषधी उपचार खर्च | २५००० | |
| ८ | मिन कुमारी सुनार | रुपा ४ | औषधी उपचार खर्च | १०००० | |
| ९ | श्याम बहादुर क्षेत्री | रुपा १ | औषधी उपचार खर्च | १५००० | |
| १० | शिवराज बराल | रुपा ५ | काजक्रिया खर्च | १५००० | |
| ११ | हुम बहादुर दमाई | रुपा ६ | काजक्रिया खर्च | १०००० | |
| १२ | बुद्दि सागर घिमिरे | रुपा ६ | औषधी उपचार खर्च | १५००० | |
| १३ | सावित्री गुरूङ | रूपा ४ | औषधी उपचार खर्च | ३५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सज्जित गुरूङ | रूपा ४ | औषधी उपचार खर्च | ३५००० | |
| १५ | अरूण कुमार श्रेष्ठ | रूपा १ | औषधी उपचार खर्च | १०००० | |

च) विभिन्न पत्रपत्रिका संघ संस्थाहरूका ब्रोसर, जर्नल लगायत मुखपत्रमा जनहितमा जारी सन्देशमूलक समाचार प्रकाशन गरेवापत तपसिलका पत्रपत्रिका तथा संघसंस्थालाई तपसिलको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः

| क.सं. | संस्था/मिडिया/फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | गण्डकी नेपाल मिडिया प्रा.लि. | १५०००।- | |
| २ | नेपाल चेम्बर अफ कमर्श | २००००।- | |
| ३ | सारङ्गी न्यूज नेटवर्क प्रा.लि. | ८००००।- | |
| ४ | पास मिडिया प्रा.लि. परिवर्तनन्यूज.कम | ५०००।- | |
| ५ | खैलालाँकुरी-पोखरा सम्पर्क समाज | ५०००।- | |
| ६ | कस्केली अधिकृत समाज कास्की | १००००।- | |
| ७ | बाराही सञ्चार प्रा.लि. | १००००।- | |
| ८ | रेडियो पश्चिम पोखरा १०७.९ मेगाहर्ज | १२०००।- | |
| ९ | नेपाल निजामति कर्मचारी संगठन | ५००० | |
| १० | सफल न्यूज सााप्ताहिक | १०००० | |
| ११ | साथि क्रियशन प्रा.लि. | १०००० | |
| १२ | नयाँ प्रकाशन प्रा.लि. नयाँ पत्रिका | १०००० | |
| १३ | असल साथि मिडिया प्रा.लि. | ५००० | |
| १४ | एसि मिडिया प्रालि | ६००० | |
| १५ | पोखरा क्लिक प्रा.लि. | ७००० | |
| १६ | सफलता मिडिया प्रा.लि. | ६००० | |
| १७ | रेडियो नेपाल प्रादेशिक प्रशारण कार्यालय | ५००० | |
| १८ | बार्दलि मिडिया प्रालि | १५००० | |
| १९ | पोखरा हटलाईन | ७००० | |
| २० | ढोरपाटन सञ्चार प्रालि | १०००० | |
| २१ | सुचनाको हक मिडिया प्रालि | ५००० | |

छ) रूपा गाउँपालिका कास्कीको समग्र शिक्षा सम्बन्धी कार्यक्रम सहित कार्ययोजना तयार गर्नेगरी गाउँ शिक्षा समितिको मिति २०८१/०४/०४ को निर्णयबाट शिक्षा योजना निर्माण तथा लेखन समिति गठन भइ सो सम्बन्धी कार्य गर्नेगरी जिम्मेवारी प्रदान गरिएकोमा उक्त

रुपा गाउँपालिका कास्की

समितिद्वारा पेस भएको रूपा गाउँपालिका कास्कीको गाउँ शिक्षा योजना संशोधन सहित स्वीकृत गरियो ।

ज) रूपा गाउँपालिका अन्तर्गतका विद्यालयमा अध्ययनरत तथा रूपा गाउँपालिकाका स्थायी विद्यार्थीहरुमध्ये आवेदन प्राप्त भएका तपसिलका विद्यार्थीहरूलाई देहायबमोजिम छात्रवृत्ति रकम प्रदान गर्ने निर्णय गरियो ।

**आ व २०८१।८२ का लागि छात्रवृति वितरण विवरण**

| क्र.सं. | विद्यार्थीको नाम र ठेगाना | स्वीकृत रकम रु. | कैफियत |
|---|---|---|---|
| | जनप्रिय बहुमुखी क्याम्पस | ७७३६२ | 560122432300015 प्रभु बैङ्क लिमिटेड पोखरा, मिलन वि क |
| १ | प्रताप कुमाल | १०००० | जनता मा वि |
| ३ | विना परियार | १०००० | जनता मा वि |
| ४ | निश्चल थापा | १०००० | जनता मा वि |
| ५ | मन्दिप सुवेदी | २०००० | रुपा ७ असाहाय |
| ६ | मनिता सुवेदी | ३०००० | रुपा ७ असाहाय |
| ७ | जन्नत गुरुङ्ग | २०००० | चन्द्रप्रभा |
| ८ | सम्झना वि क | ३०००० | रुपा ६ |
| ९ | अनुजा सुनार | १०००० | रुपा ६ |
| १० | अन्जना देवकोटा | १७५०० | पृथ्वीरुपा मा वि |
| ११ | अनुष्मा देवकोटा | १७५०० | पृथ्वीरुपा मा वि |
| १२ | युविन थापा | १५००० | गाउँफर्क मा वि |
| १३ | एन्जल सुनार | १५००० | विश्वशान्ति मा वि |
| १४ | अभिषेक परियार | १५००० | गाउँफर्क मा वि |
| १५ | आदर्श तिमिल्सिना | १५००० | रुपा ३ असाहाय |
| १६ | सुरज वि क | १५००० | रुपा ३ असाहाय |
| १७ | कल्पना वि क | १०००० | पृथ्वीरुपा मा वि |
| १८ | दिया नेपाली | १०००० | पृथ्वीरुपा मा वि |
| १९ | अज्मिर मिया | १०००० | चन्द्रप्रभा |
| २० | आकृति नेपाली | १५००० | विश्वशान्ति मा वि |
| २१ | उजेली नेपाली | १५००० | विश्वशान्ति मा वि |
| २२ | विश्वास नेपाली | १०००० | शिवालय |
| २३ | दिया सुर्खाली | १०००० | शिवालय |
| २४ | सुस्मिता सुवेदी | १५००० | शिवालय |

| | | | | |
|---|---|---|---|---|
| २५ | एलिसा परियार | १०००० | कालिका | |
| २६ | जीवनी गुरुङ्ग | १०००० | कालिका | |
| २७ | सरु भुजेल | १०००० | चण्डि आ वि | |
| २८ | प्रनिसा गुरुङ्ग | १०००० | रिठुमाला | |
| २९ | जितेन चौधरी | २०००० | गाउँफर्क मा वि | |
| ३० | अनिस मल्ल | २०००० | गाउँफर्क मा वि | |
| ३१ | क्रान्ति सुनार | २०००० | रुपा ४ | |
| ३२ | मिलन ओझा | २०००० | रुपा ४ विज्ञान पढ्ने असाहाय | |
| ३३ | विविशा मल्ल | १०००० | विश्वशान्ति मा वि | |
| | | ५५२३६२ | | |

झ) रूपा गाउँपालिका कास्की अन्तर्गत शिवचण्डी मोटरबाटो ठेक्का नं (6/RUPA/NCB/WORKS/2080/081)को सडकको स्तरोन्नतिको क्रममा स्थानीयबासीको घरहरू जोखिममा रहेकाले उक्त स्थानहरूमा मेसिनरी क्वान्टीटी बढाउनुपर्ने देखिएको भनि प्राविधिक प्रतिवेदन सहितको भ्यारियस अर्डर (VO) पेस भएकाले ठेक्का सम्झौता बमोजिमको रकम नवढ्नेगरी उक्त भ्यारियसन अडर (VO) स्वीकृत गर्ने निर्णय गरियो।

मिति २०८२ असार ०५ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(चिरन्जीवी बराल)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की